# गरुडा नगरपालिका कर्मचारी छनौट समिति
# गरुडा नगरपालिका,
# गरुडा, रौतहट, मधेश प्रदेश

## गरुडा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ को दफा ४ को उपदफा (४) र (५) बमोजिम र प्रचलित कानुन बमोजिम नगरपालिकाको कार्यालयमा सवारी चालकको छनौटको लागि खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ।

सवारी चालक छनौट पाठ्यक्रमको रुपरेखा : यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

| | | |
|---|---|---|
| **प्रथम चरण** | : लिखित परीक्षा | पूर्णाङ्क : १०० |
| **द्वितिय चरण** | : प्रयोगात्मक परीक्षा | पूर्णाङ्क : ५० |
| **त्रितिय चरण** | : अन्तर्वार्ता | पूर्णाङ्क : २५ |

**प्रथम चरण**

| विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या×अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा क्षेत्र सँग सम्बन्धित ७०% र सामान्य ज्ञान ३०% | १०० | ५० | वस्तुगत बहुवैकल्पिक | ५० प्रश्न×२ अङ्क | ६० मिनेट |

**द्वितिय चरण**

| विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|---|
| प्रयोगात्मक | ५० | २५ | प्रयोगात्मक परीक्षण: पाठ्यक्रममा उल्लेख भए बमोजिमका अभ्यासहरु र अंकभारका आधारमा प्रयोगात्मक परीक्षा सञ्चालन गरिनेछ । |

**त्रितिय चरण**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २५ | कार्यविधिमा उल्लेख भए अनुसार अंक प्रदान गरिनेछ । |

द्रष्टव्य :

१. प्रथम चरण लिखित परीक्षामा प्रश्नहरु यथा सम्भव नेपाली माध्यममा सोधिनेछन् । तर विषयलाई स्पष्ट गर्नुपर्ने प्रश्न अंग्रेजीमा सोध्न सकिनेछ ।

२. लिखित परीक्षामा यथा सम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

| पाठ्यक्रमका एकाइ | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| प्रश्न संख्या | १५ | १० | १५ | ५ | ३ | २ |

३. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

४. द्वितीय चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको अन्तर्वातामा समावेश गराइनेछ ।

५. उम्मेदवारले प्रथम चरण, द्वितीय चरण र तृतीय चरणमा प्राप्त गरेको प्राप्ताङ्कहरु जोडी कूल अङ्कको आधारमा योग्यताक्रम प्रकाशित गरिनेछ ।

६. पाठ्यक्रमलागू मिति : २०८१।०४।०७

## प्रथम चरण: लिखित परीक्षाको पाठ्यक्रम

१. **सामान्य ज्ञान**

(क) नेपालको भूगोल र इतिहास सम्बन्धी सामान्य ज्ञान

- क्षेत्रफल, भौगोलिक सीमाना, भौगोलिक र राजनैतिक (संघ, प्रदेश र स्थानीय) विभाजन ।
- एतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु ।

(ख) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाती र जनसंख्या सम्बन्धी ज्ञान ।

(ग) नेपालको वर्तमान संविधान (जारी मिति, भाग, धारा र अनुसूची संख्या) ।

(घ) गरुडा नगरपालिका सम्बन्धी सामान्य जानकारी ।

(ङ) दूरी मापन सम्बन्धी ज्ञान : माइल, मिटर, किलोमिटर ।

(च) उच्च पदस्थ व्यक्तिको सवारी चालकले ध्यान दिनुपर्ने विषयहरु ।

(छ) समय पालना तथा अनुशासन सम्बन्धी ज्ञान ।

२. **सेवा सम्बन्धी बिषयबस्तु**

(क) सवारी साधन सञ्चालन सम्बन्धी ज्ञान

(ख) सवारी ऐन नियम सम्बन्धी ज्ञान

- सवारी नियम(Traffic Rules and Regulation) सम्बन्धी ज्ञान:
- व्लु वुक र ड्राइभिंङ लाइसेन्स
- सवारी चिन्हहरु
- ट्राफिक संकेत

३. सवारी साधनको प्राविधिक तथा यान्त्रिक ज्ञान

- इन्जिन (Engine) सम्बन्धी ज्ञान: इन्जिनको परिचय र फोरस्टोक डिजल र पेट्रोल इन्जिनको काम गर्ने सिद्धान्त ।
- लुब्रिकेशन पद्धति सम्बन्धी ज्ञान: परिचय, लुब्रिकेशन पद्धतिको उद्धेश्य, आयल फेर्नुको उद्धेश्य, आयल सतहको जांच, आयल फेर्नु र सतह मिलाउनु, आयल चुहिएको हेरचाह ।
- कुलिंग पद्धति सम्बन्धी ज्ञान: कुलिंग पद्धतिको परिचय, कुलिंग पद्धतिको उद्देश्य, कुलेन्टको महत्व, कुलेण्ट सतहको जाँच गर्नु, फ्यान बेल्टको अवस्था जांच गर्नु ।
- फ्युल पद्धति सम्बन्धी ज्ञान: वर्णन अनुसार फ्युल फिल्टरको पुन: स्थापना, कार्बुरेटर र पम्पको स्थिरता, एअर क्लिनरको फेराई र सरसफाई ।
- इग्निशन पद्धति सम्बन्धी ज्ञान: स्पार्क प्लगको वर्णन र स्पार्क प्लगको फेराई र सरसफाई
- व्याट्री, इलेक्ट्रिकल पद्धति, स्टेरिङ्ग, टायर र ब्रेक सम्बन्धी ज्ञान ।
- विद्युतीय सवारी साधन सम्बन्धी सामान्य ज्ञान ।

४. सवारी साधन मर्मत सम्बन्धी ज्ञान, सवारी साधनको पार्ट्स र तिनको प्रयोग ।

५. सुरक्षाका उपायहरु (Safety Precautions) सम्बन्धी ज्ञान: सुरक्षाका उपाय, सवारी चलाउँदा र मर्मतको वेला व्यक्तिगत सुरक्षा, सवारीको सुरक्षा र प्रदुषण सचेतना, दूर्घटना सचेतना सम्बन्धी ज्ञान ।

६. लगबुकको ढाँचा निर्माण सम्बन्धी ज्ञान ।

## द्वितीय चरण: प्रयोगात्मक परीक्षा

अङ्क विभाजन

| क्र.सं. | जाँच | क्रियाकलाप | अङ्क | क्रियाकलाप | अङ्क |
|---|---|---|---|---|---|
| १. | **सवारी साधन चलाउनु पूर्व सवारी साधनको चेक/जाँच** | | ५ | | |
| | (क) टायर चेक | गरेको | १ | नगरेको | ० |
| | (ख) ब्रेक चेक | गरेको | १ | नगरेको | ० |
| | (ग) साइड ग्लास चेक | गरेको | १ | नगरेको | ० |
| | (घ) इन्धन चेक | गरेको | १ | नगरेको | ० |
| | (ङ) साइलेन्सर चेक | गरेको | १ | नगरेको | ० |
| २. | सवारी चलाउने स्थानमा भएको संकेत रेखा | नछोएको | ५ | छोएको | ० |
| ३. | युटर्न संकेत रेखा | नछोएको | ५ | | ० |
| ४. | आवश्यकता अनुसार साइड लाइटको प्रयोग | गरेको | ५ | नगरेको | ० |
| ५. | **सवारी साधन अड्याउने** | | १० | | |
| | (क) उकालोमा | अडिएको | ५ | सवारी सरेको | ० |
| | (ख) ओरालोमा | अडिएको | ५ | सवारी सरेको | ० |
| ६. | **तोकिएको लाइन/स्थानमा पार्किङ्ग** | | १० | | |
| | (क) Parallel | गरेको | ५ | नगरेको | ० |
| | (ख) L - Back | गरेको | ५ | नगरेको | ० |
| ७. | सवारी चलाउदा सवारीको आवाज | सामान्य | ५ | असामान्य | ० |
| ८. | सवारीको बाटोमा भएको वस्तु/सामान | नछोएको | ५ | छोएको | ० |